# राष्ट्रिय सूचना आयोग

का. म. न. पा.-१०, बानेश्वर, देवीनगर

**सूचनाको सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस (२८, सेप्टेम्बर)**
**प्रेस विज्ञप्ति**

सार्वजनिक निकायमा रहेका सार्वजनिक सरोकारका र आफूसँग सम्बन्धित व्यक्तिगत सरोकारका सूचना माग्नु र पाउनु नागरिकको मौलिक हकको रूपमा नेपालको संविधानको धारा २७ मा व्यवस्था गरिएको छ। सोही व्यवस्थाको कार्यान्वयनको लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भई कार्यान्वयनमा रहेको छ । विश्वव्यापीरूपमा सूचनाको हकसम्बन्धी अधिकारलाई प्रभावकारी बनाउन संयुक्त राष्ट्रसंघले सेप्टेम्बर, २८ लाई "सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस" घोषणा गरी यस वर्ष तय गरेको Artificial Intelligence, e-Governance & Access to Information: Promotion of Right to Information भन्ने मूल सन्देशका साथ राष्ट्रिय गोष्ठी सम्पन्न भएको छ। यस दिवसको अवसरमा आयोजना गरिएको कार्यक्रमको अध्यक्षता राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले गर्नु भएको थियो भने प्रमुख अतिथिको रूपमा सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटा रहनु भएको थियो । उक्त कार्यक्रमका प्रमुख अतिथि सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाज्यूले प्रविधिको प्रयोगमा दर्शनको अबलम्बन गर्नु पर्ने कुरा राख्दै देशमा सुशासन कायम राख्न पारदर्शिता, भ्रष्टाचार न्यूनीकरण, सूचनाको हकको प्रचलन र Artificial Intelligence को प्रयोग गर्नु पर्ने कुरामा जोड दिनु भयो । गोष्ठीको अध्यक्षता गर्नु भएका प्रमुख सूचना आयुक्तले कार्यक्रममा सहभागीबाट उठेका जिज्ञासाका सम्बोधन गर्दै सूचनाको हकलाई प्रभावकारी बनाउन स्थानीय तहमा यसको भूमिका बढाउनु पर्ने, नागरिकको सक्रिय सहभागिता हुनु पर्ने, डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयनमा जोड दिनु पर्ने, Artificial Intelligence को प्रयोगलाई व्यवस्थित गर्दै जानु पर्ने, वर्तमान सन्दर्भमा देखिएका समस्याहरूको सम्बोधन गर्दै जानु पर्ने कुरामा जोड दिनु भयो । उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगले तयार गरेको प्रदेशस्तरीय Right to Information Audit प्रतिवेदन सार्वजनिक समेत भएको थियो । Right to Information Audit प्रतिवेदनको संक्षिप्त विवरण आयुक्त कमला ओली थापाले प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै फ्रिडम फोरमका तर्फबाट पाल्नु भएका तारानाथ दाहालले सूचनाको हकको ऐतिहासिक विकासक्रम, नेपालको वर्तमान अवस्था, Artificial Intelligence को उपयोगको सम्बन्धमा गर्नु पर्ने कार्यहरूको बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो कार्यपत्रका सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव श्री अनिलकुमार दत्त र सूचनाका हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष श्री उम्मिद बागचनले टिप्पणी गर्नु भयो । टिप्पणीको क्रममा सहसचिव अनिल कुमार दत्तले डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयनको अवस्था, समस्या र समाधानका उपायहरूको बारेमा चर्चा गर्नु भयो । त्यस्तै सूचनाका हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उम्मिद बागचनले सूचनाको हकको कार्यान्वयनको सन्दर्भमा रहेका विद्यमान समस्या र समाधानका बारेमा धारणा राख्नु भयो । उक्त कार्यक्रममा विभिन्न सार्वजनिक निकायका सूचना अधिकारी, सूचनाको हकका अभियान्ता, पत्रकार, संघसंस्थाका प्रतिनिधि, कर्मचारी लगायतको उपस्थिति रहेको थियो ।

कमला ओली थापा
प्रवक्ता
सूचना आयुक्त

मिति २०७९ असोज १२ गते बुधबार ।